# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३] काठमाडौं, कार्तिक २७ गते २०३० साल [संख्या ३०

श्री ५ को सरकार

रक्षा मन्त्रालय

### शाही सैनिक (हवाई परिवहन) नियमावली, २०३०

सैनिक ऐन, २०१६ को दफा ११ र दफा १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "शाही सैनिक (हवाई परिवहन) नियमावली, २०३०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः–

(क) "शाखा" भन्नाले नियम ३ बमोजिम गठित शाही सेनाको हवाई परिवहन शाखालाई सम्झनुपर्छ ।

(ख) "चालक दल" भन्नाले सैनिक ऐन, नियम र शर्तनामाबमोजिम भर्ना गरिएका विभिन्न दर्जाका चालक, नेभिगेटर, इन्जिनीयर, स्टुवार्ड, एयरहोस्टेज र फिल्ड वर्करहरू समेतलाई सम्झनुपर्छ ।

(ग) "चालक" भन्नाले वायुयान चलाउन नियम ६ बमोजिमको प्रमाणपत्र प्राप्त व्यक्तिलाई सम्झनुपर्छ ।

(घ) "गैर सैनिक व्यक्ति" भन्नाले शाही सैनिक सेवामा नरहेका व्यक्तिलाई सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. हवाई परिवहन शाखाः– श्री ५ को सरकारले शाही सेनाको परिवहनको आवश्यकतानुसार पदहरू सहितको शाही सेना अन्तर्गत हवाई परिवहन शाखाको गठन गर्नेछ ।

४. चालकहरूको भर्ना, पदोन्नति र सरूवाः– (१) शाखामा चालक भर्ना गर्दा उमेर र पदोन्नतिको हकमा शाही सेना प्राविधिक सेवा नियमहरू, २०१९ को अधीनमा रही भर्ना गरिनेछ ।

(२) कमाण्ड लाइसेन्स प्राप्त गरेको चालकलाई शाही सेनाको एक्टिङ्ग सह-सेनानी दर्जामा र सोभन्दा तल्लो प्रमाणपत्र प्राप्त गरेका चालकलाई उप-सेनानी दर्जामा भर्ना गरिनेछ ।

(३) उप-नियम (२) बमोजिम भर्ना गरिएका चालकलाई विशेष सैनिक तालीम दिइनेछ ।

(४) वायुयान सञ्चालन तालीममा भाग लिएका शाही सैनिकले चालकको प्रमाणपत्र प्राप्त गर्न सकेमा शाखामा सरूवा गर्न सकिनेछ । यसरी सरूवा भएका शाही सैनिकलाई यसै नियमावलीबमोजिमको सुविधा दिइनेछ ।

तर –

चालक दलमध्येको कुनै शाही सैनिक शाही सेनाको अन्य शाखामा सरूवा भएमा निजले चालकदलको सदस्य भई पाएको भत्ता सुविधा पाउने छैन ।

५. गैर सैनिक व्यक्तिको नियुक्तिः– (१) श्री ५ को सरकारले आवश्यक ठानेमा गैर सैनिक व्यक्तिलाई र विदेशी नागरिकलाई पनि शाखामा भर्ना गर्न सक्नेछ ।

तर विदेशी नागरिकलाई भर्ना गर्दा अस्थायी रूपले मात्र भर्ना गरिनेछ ।

(२) उप-नियम (१) बमोजिम भर्ना गरिएका व्यक्तिको सेवा शर्त निजलाई भर्ना गरिंदाको शर्तनामाबमोजिम हुनेछ । यस नियम अन्तर्गत भर्ना भएकै कारणले त्यस्तो व्यक्ति शाही सेनामा भर्ना भएको मानिने छैन ।

६. प्रमाणपत्र समितिः– (१) चालकदलको प्रमाणपत्र दिन देहायका अधिकृतहरू भएको एउटा समिति रहनेछः–

(क) प्रधान सेनापति––– अध्यक्ष

(ख) प्रबन्ध रथी––– सदस्य

(ग) सैनिक विनय निर्देशक––– सदस्य

(घ) शाखाको मुख्य चालक––– सदस्य

(ङ) खाद्यान्नाधिकृत––– सदस्य-सचिव ।

(२) उप-नियम (१) बमोजिमको समितिको प्रतिवेदन र मुख्य चालकहरूको सिफारिशमा प्रधान सेनापतिद्वारा प्रमाणपत्र प्रदान गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. तलब भत्ता:– चालक दलको तलब र भत्ता शाही सेनाको प्राविधिक स्केलबमोजिम हुनेछ ।

तर चालकलाई देहायबमोजिमको थप भत्ता दिइनेछ:–

(क) आफ्नो दर्जाको तलबमा पचास प्रतिशत थप हवाई भत्ता ।

(ख) वायुयान चलाउने योग्यता रहेसम्म एक आर्थिक वर्षमा तीस घण्टाभन्दा बढी समयसम्म उडान गरेको भएमा दुइसय रूपैयाँ प्रति महीना फ्लाइङ वाउन्टी ।

(ग) उप-सेनानीदेखि माथिको दर्जाकाले कमाण्ड कोर्ष गरी सम्बन्धित वायुयान-तर्फको क्याप्टेन भई काम गर्दा देहायबमोजिम कमाण्ड भत्तामध्ये कुनै एक कमाण्ड भत्ता:–

(अ) जेट वायुयान उडान गर्दा तीनसय रूपैयाँ प्रति महीना ।

(आ) हेलिकप्टर उडान गर्दा चार सय रूपैयाँ प्रति महीना ।

(इ) स्टोल वायुयान उडान गर्दा पाँचसय रूपैयाँ प्रति महीना ।

(ई) डी. सी. ३ किसिमको वायुयान उडान गर्दा दुई सय पचास रूपैयाँ प्रति महीना ।

(घ) प्रमुख सेनानीदेखि सहायक रथी दर्जाका चालकलाई उडान काममा नलगाई हवाई परिवहन शाखामा वसी प्रशासकीय वा स्टाफसम्बन्धी काम लगाइए-कोमा सहायक रथीलाई पाँचसय रूपैयाँ, महा सेनानीलाई चारसय रूपैयाँ र प्रमुख सेनानीलाई तीनसय पचास रूपैयाँका दरले मासिक स्टाफ भत्ता दिइनेछ ।

तर स्टाफ भत्ता वा कमाण्ड भत्तामध्ये कुनै एक भत्ता मात्र त्यस्तो चालकले पाउन सक्नेछ ।

(३) देहायको समयभित्र उडान गरेमा चालकदलका प्रत्येक सदस्यलाई देहायमा लेखिएको खाना र जलपान खर्च दिइनेछ । :–

(क) ०७०० बजेदेखि १००० बजेभित्र उडान गरेमा जलपान (ब्रेक फाष्ट) बापत दस रूपयाँ ।

(ख) १००० बजेदेखि १५०० बजेभित्र उडान गरेमा दिउँसोको खाना (लन्च) बापत सोह्र रूपैयाँ ।

(ग) ०७०० बजेदेखि १५०० बजेसम्म उडान गरेमा जलपान (ब्रेक फाष्ट) तथा दिउँसोको खाना (लन्च) बापत क्रमशः दस र सोह्र रूपैयाँ ।

(४) उप-नियम (३) मा लेखिएको खाना र जलपान खर्चको साथै उडान गरी बाहिर रात बसेको चालकदलका प्रत्येक सदस्यले त्यस्तो रात बस्नु परेमा शाही सेना (दैनिक तथा भ्रमण भत्ता) नियमहरू, २०२७ बमोजिम दैनिक भत्तासमेत पाउनेछ । यसरी दैनिक भत्ता लिएको अवधिको लागि रासन सुविधा दिइने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. बीमाः– प्रत्येक वायुयान तथा प्रत्येक चालकदलको आवश्यकतानुसार बीमा गर्न सकिनेछ।

९. अन्य प्राविधिकको तलब भत्ताः– शाही सैनिक सेवामा नरहेका शाखाका अन्य प्राविधिकको तलब भत्ता श्री ५ को सरकारले समय समयमा तोकिदिएको स्केलबमोजिम हुनेछ ।

१०. ओभरटाइम भत्ताः– सेवाका कुनै प्राविधिकले दिनमा आठ घण्टा काम गरिसकेपछि सोही दिन पुनः अड्डा प्रमुखले काम लगाइएमा निजको मासिक तलबको एक प्रतिशत प्रति-घण्टा ओभरटाइम भत्ता दिइनेछ ।

११. बिदाः– शाखामा रहेका व्यक्तिले सैनिक बिदा नियमहरू, २०१९ बमोजिमको बिदा पाउन सक्नेछ ।

१२. शाखाले लाग्ने खर्च लिई जनहितको लागि उडान गर्न सक्नेः– श्री ५ को सरकारबाट बाढी, भूकम्प, आगलागी, अनिकाल पीडितहरूतर्फ सहायता पुऱ्याउन र विमान हराएमा पर्वतारोही र हराएका अन्य व्यक्तिको उद्धार कार्यमा वा खाद्यान्न वा आवश्यक अरू सामान वितरण गर्ने कार्यमा वा संक्रामक रोग निरोध र उपचारको कार्यमा गरिने उडान र अन्य यस्तै संकटकालीन समयमा जनहित कार्यको निमित्त उडान गर्न लेखी आएमा शाही सेनाको कामको अतिरिक्त फुर्सतको समयमा सो कार्यको लागि उडान गर्न सकिनेछ र सो उडान गर्न लागेको खर्च सम्बन्धित मन्त्रालय वा कार्यालयले व्यहोर्नु पर्नेछ । त्यस्तो उडान-मा जाने अरू व्यक्ति र वायुयानको आवश्यकतानुसार बीमा गराउनु पर्ने उत्तरदायित्व सोही मन्त्रालय वा कार्यलयको हुनेछ ।

स्पष्टीकरणः– यस नियमको प्रयोजनको लागि उडान खर्च निर्धारण गर्दा फ्युल लूब्रि-केशनको खर्च, निरीक्षण र त्यस बखत पर्ने सामान्य मर्मत खर्च चालकदलको ल्फाइङ लाइसेन्स र अन्य सुविधा खर्च समेत समावेश गरी निर्धारण गर्नुपर्छ ।

१३. पालन गर्नु पर्नेः– शाही सैनिक वायुयानले गैर सैनिक विमान स्थलहरूको प्रयोग गर्दा वा वायु मार्गमा उडान गर्दा हवाई यातायातका पथ प्रदर्शन र सुरक्षासम्बन्धी सम्पूर्ण गैर-सैनिक नियम र आदेशहरू पालन गर्नुपर्नेछ ।

१४. बचाउः– यस नियमावलीमा लेखिए जतिमा यसै नियमावलीबमोजिम र अरूमा प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

आज्ञाले–
फणीन्द्रराज हमाल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

800

श्री ५ को सरकार

## रक्षा मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शाही सेनाको व्यारेक निर्माणको निमित्त सेती अञ्चल, धनगढी जिल्ला अन्तर्गत मालाखेती गा. पं. वार्ड नं. ७ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व कि. नं. ७७, पश्चिम सडक, उत्तर जंगल, दक्षिण कि. नं. ७७ यति ४ किल्लाभित्रको कि. नं. ७६ को मालपोत रू. ४२।४५ (बयालीस रुपैयाँ पैंतालीस पैसा) लाग्ने जग्गा बिगाहा १–४–५ (एक बिगाहा चार कट्ठा पाँच धुर) को कित्ता एक--- १

पूर्व कि. नं. ८२, पश्चिम सडक, उत्तर कि. नं. ७६ र जंगल, दक्षिण कि. नं. ७८, ७९, २०५, २०६, २०७ यति ४ किल्लाभित्रको कि. नं. ७७ को मालपोत रू. १४३।५० (एक सय त्रिचालीस रुपैयाँ पचास पैसा) लाग्ने जग्गा बिगाहा ४–२–० (चार बिगाहा दुई कट्ठा) को कित्ता एक--- १

पूर्व कि. नं. ७९, २०७, पश्चिम सडक, उत्तर कि. नं. ७७, दक्षिण बाटो यति ४ किल्लाभित्रको कि. नं. ७८ को मालपोत रू. ४२।४५ (बयालीस रुपैयाँ पैंतालीस पैसा) लाग्ने जग्गा बिगाहा १–४–५ (एक बिगाहा चार कट्ठा पाँच धुर) को कित्ता एक--- १

पूर्व कि. नं. २०७, पश्चिम कि. नं. ७८, उत्तर कि. नं. ७७, दक्षिण कि. नं. ७८ यति ४ किल्लाभित्रको कि. नं. ७९ को मालपोत रू. ११।७६ (एघार रुपैयाँ छयहत्तर पैसा) लाग्ने जग्गा बिगाहा ०–६–१४ (छ कट्ठा चौध धुर) को कित्ता एक--- १

पूर्व कि. नं. ८२, पश्चिम कि. नं. २०५, उत्तर कि. नं. ८२, दक्षिण कि. नं. २०४ यति ४ किल्लाभित्रको कि. नं. ८१ को मालपोत रू. ५९।२९ (उनन्साठी रुपैयाँ उनन्तीस पैसा) लाग्ने जग्गा बिगाहा १–३–५ (एक बिगाहा तीन कट्ठा पाँच धुर) को कित्ता एक--- १

पूर्व जंगल, पश्चिम कि. नं. ७७, उत्तर जंगल, दक्षिण कि. नं. ६९, २०२, २०३, २०४ यति ४ किल्लाभित्रको कि. नं. ८२ को मालपोत रू. १६३।२० (एक सय त्रिसठ्ठी रुपैयाँ बीस पैसा) लाग्ने जग्गा बिगाहा ३–४–० (तीन बिगाहा चार कट्ठा) को कित्ता एक--- १

पूर्व जंगल, पश्चिम कि. नं. २०२, उत्तर र दक्षिण जंगल यति ४ किल्लाभित्रको कि. नं. ८३ को मालपोत रू. ३३।७९ (तेतीस रुपैयाँ उनासी पैसा) लाग्ने जग्गा बिगाहा ०–१३–५ (तेह्र कट्ठा पाँच धुर) को कित्ता एक--- १

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०५

पूर्व जंगल, पश्चिम कि. नं. ८५, उत्तर कि.नं. २०२, दक्षिण बाटो यति ४ किल्लाभित्रको कि. नं. ८४ को मालपोत रू. २५।४० (पच्चीस रुपैयाँ चालीस पैसा) लाग्ने जग्गा बिगाहा ०–१४–१० (चौध कट्ठा दश धुर) को कित्ता एक–– १

पूर्व कि. नं. ८४, पश्चिम कि. नं. ६६, २०८, २०६, २१०, २१२, उत्तर कि. नं. २०२, २०३, २०४, दक्षिण बाटो यति ४ किल्लाभित्रको कि. नं. ८५ को मालपोत रू. १६१।४५ (एक सय एक सट्ठी रुपैयाँ पैंतालीस पैसा) लाग्ने जग्गा बिगाहा ४–१२–५ (चार बिगाहा बाह्र कट्ठा पाँच धुर) को कित्ता एक–– १

पूर्व कि. नं. २०४, पश्चिम र उत्तर कि. नं. २०५, दक्षिण कि. नं. २०८ यति ४ किल्लाभित्रको कि. नं. ८७ को मालपोत रू. २८।६९ (अट्ठाईस रुपैयाँ उनान्सत्तरी पैसा) लाग्ने जग्गा बिगाहा ०–११–५ (एघार कट्ठा पाँच धुर) को कित्ता एक–– १

पूर्व कि. नं. ८५, पश्चिम कि. नं. २०५, उत्तर कि. नं. २१०, दक्षिण कि. नं. २११, २१२ यति ४ किल्लाभित्रको कि. नं. ८९ को मालपोत रू. १७।८५ (सत्र रुपैयाँ पचासी पैसा) लाग्ने जग्गा बिगाहा ०–७–० (सात कट्ठा) को कित्ता एक–– १

पूर्व कि. नं. ८३, पश्चिम कि. नं. २०३, उत्तर कि. नं. ८२, दक्षिण कि. नं. ८५ यति ४ किल्लाभित्रको कि. नं. २०२ को मालपोत रू. ४८।१७ (अठचालीस रुपैयाँ सत्र पैसा) लाग्ने जग्गा बिगाहा ०–१८–१७ (अठार कट्ठा सत्र धुर) को कित्ता एक–– १

पूर्व कि. नं. २०२, पश्चिम कि. नं. २०४, उत्तर कि. नं. ८२, दक्षिण कि. नं. ८५ यति ४ किल्लाभित्रको कि. नं. २०३ को मालपोत रू. ४७।८९ (सतचालीस रुपैयाँ उनान्नब्बे पैसा) लाग्ने जग्गा बिगाहा ०–१८–१५ (अठार कट्ठा पन्ध्र धुर) को कित्ता एक–– १

पूर्व कि. नं. २०३, पश्चिम कि. नं. ८७, उत्तर कि. नं. ८१, दक्षिण कि. नं. ८५ यति ४ किल्लाभित्रको कि. नं. २०४ को मालपोत रू. ९५।९५ (पन्चानब्बे रुपैयाँ पन्चानब्बे पैसा) लाग्ने जग्गा बिगाहा १–१७–१२½ (एक बिगाहा सत्र कट्ठा साढे बाह्र धुर) को कित्ता एक–१

पूर्व कि. नं. ८७, पश्चिम कि. नं. २०६, उत्तर कि. नं. ७७, दक्षिण बाटो यति ४ किल्लाभित्रको कि. नं. २०५ को मालपोत रू. ५९।८२ (उनन्साठी रुपैयाँ बयासी पैसा) लाग्ने जग्गा बिगाहा १–१४–३½ (एक बिगाहा चौध कट्ठा साढे तीन धुर) को कित्ता एक–– १

पूर्व कि. नं. २०५, पश्चिम कि. नं. २०७, उत्तर कि. नं. ७७, दक्षिण बाटो यति ४ किल्लाभित्रको कि. नं. २०६ को मालपोत रू. २८।६८ (अट्ठाईस रुपैयाँ अठसट्ठी पैसा) लाग्ने जग्गा बिगाहा ०–१६–७½ (सोह्र कट्ठा साढे सात धुर) को कित्ता एक–– १

पूर्व कि. नं. २०६, पश्चिम कि. नं. ७८, ७९, उत्तर कि. नं. ७७, दक्षिण बाटो यति ४ किल्लाभित्रको कि. नं. २०७ को मालपोत रू. ३१।१९ (एकतीस रुपैयाँ उन्नाईस पैसा) लाग्ने जग्गा बिगाहा ०–१७–१६ (सत्र कट्ठा सोह्र धुर) को कित्ता एक–– १

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पूर्व कि. नं. ८५, पश्चिम र उत्तर कि. नं. ८७, दक्षिण कि. नं. २०९ यति ४ किल्लाभित्रको कि. नं. २०८ को मालपोत रू. २२।९५ (बाईस रुपैयाँ पञ्चानब्बे पैसा) लाग्ने जग्गा बिगाहा ०–९–० (नौ कट्ठा) को कित्ता एक–– १

पूर्व कि. नं. ८५, पश्चिम कि. नं. २०५, उत्तर कि. नं. २०८, दक्षिण कि. नं. २१० यति ४ किल्लाभित्रको कि. नं. २०९ को मालपोत रू. ११।४८ (एघार रुपैयाँ अठचालीस पैसा) लाग्ने जग्गा बिगाहा ०–४–१० (चार कट्ठा दश धुर) को कित्ता एक–– १

पूर्व कि. नं. ८५, पश्चिम कि. नं. २०५, उत्तर कि. नं. २०९, दक्षिण कि. नं. ८९, यति ४ किल्लाभित्रको कि. नं. २१० को मालपोत रू. ११।४८ (एघार रुपैयाँ अठचालीस पैसा) लाग्ने जग्गा बिगाहा ०–४–१० (चार कट्ठा दश धुर) को कित्ता एक–– १

पूर्व कि. नं. २१३, पश्चिम कि. नं. २०५, उत्तर कि. नं. ८९, दक्षिण बाटो यति ४ किल्लाभित्रको कि. नं. २११ को मालपोत रू. ७।३४ (सात रुपैयाँ चौंतीस पैसा) लाग्ने जग्गा बिगाहा ०–२–१७½ (दुई कट्ठा साढे सत्र धुर) को कित्ता एक–– १

पूर्व कि. नं. ८५ ,पश्चिम कि. नं. २१३, उत्तर कि. नं. ८९, दक्षिण बाटो यति ४ किल्लाभित्रको कि. नं. २१२ को मालपोत रू. ७।२७ (सात रुपैयाँ सत्ताईस पैसा) लाग्ने जग्गा बिगाहा ०–२–१७ (दुई कट्ठा सत्र धुर) को कित्ता एक–– १

पूर्व कि. नं. २१२, पश्चिम कि. नं. २११, उत्तर कि. नं. ८९, दक्षिण बाटो यति ४ किल्लाभित्रको कि. नं. २१३ को मालपोत रू. ।०७ (सात पैसा) लाग्ने जग्गा बिगाहा ०–०–½ (आधा धुर) को कित्ता एक–– १

आज्ञाले–
फणीन्द्रराज हमाल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।